छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्



## कर अधिकृत घुससहित रंगेहात पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम।सिरहाकोलहानस्थित आन्तरिक राजस्व कार्यालयका कर अधिकृत युवराज पाल ५ लाख रुपैयाँ घुस लिइरहेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले रंगेहात पक्राउ गरेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयबाट खटिएको टोलीले पाललाई कार्यालय परिसरभित्रै सेवाग्राहीबाट घुस रकम बुझिसकेको अवस्थामा नियन्त्रणमा लिएको छ। पक्राउसँगै घटनास्थलमा मुचुल्का तयार गर्ने, प्रमाण संकलन गर्ने तथा अन्य आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको आयोगले जनाएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासका प्रमुख रामबहादुर कुरुम्वाङका अनुसार कर अधिकृत पाललाई घुस रकमसहित पक्राउ गरिएको छ। घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको र अनुसन्धानका आधारमा कानुनी प्रक्रिया अगाडि बढाइने उनले जानकारी दिए।

अख्तियार स्रोतका अनुसार गोलबजारस्थित सिरहा सुपर मार्केट को आर्थिक वर्ष २०७८/७९ को पूर्ण कर परीक्षण (फुल ट्याक्स अडिट) गर्ने क्रममा कर अधिकृत पालले सेवाग्राहीसँग घुस मागेका थिए।

स्रोतका अनुसार अडिट प्रक्रियामा सुरुमा कार्यालयले कर, जरिवाना तथा अन्य शीर्षकसमेत जोडेर सुपर मार्केटले करिब २ करोड रुपैयाँ कर तिर्नुपर्ने आकलन गरेको थियो। त्यसपछि पुनः कर्मचारीहरूले कर दायित्व थप ३० देखि ३५ लाख रुपैयाँसम्म बढ्न सक्ने जानकारी दिएका थिए।

यही अवस्थालाई आधार बनाएर कर अधिकृत पालले आफूहरूले सम्पूर्ण समस्या समाधान गरिदिने र कर दायित्व मिलाइदिने भन्दै १२ लाख रुपैयाँ घुस मागेको आरोप लागेको छ। उनले उक्त रकम आफू मात्र नभई आफूभन्दा माथिका कर अधिकृत प्रकाश राईलगायत अन्य व्यक्तिलाई समेत मिलाउन आवश्यक पर्ने भन्दै माग गरेको अख्तियार स्रोतले जनाएको छ।

सुपर मार्केटका प्रतिनिधिले कम्पनीको आर्थिक अवस्था कमजोर रहेको र मागिएको रकम उपलब्ध गराउन नसकिने बताएपछि दुवै पक्षबीच रकम घटाउने विषयमा छलफल भएको थियो। अन्ततः बार्गेनिङपछि ५ लाख रुपैयाँमा सहमति भएको बताइएको छ।

त्यसपछि सुपर मार्केटका प्रतिनिधिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएका थिए। उजुरीपछि आयोगले योजनाबद्ध रूपमा निगरानी सञ्चालन गरेको थियो। सोही क्रममा सेवाग्राहीबाट ५ लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा कर अधिकृत पाललाई कार्यालयबाटै रंगेहात पक्राउ गरिएको छ।

अख्तियारले घटनामा अन्य कर्मचारी वा व्यक्तिको संलग्नता रहेको वा नरहेको विषयमा समेत अनुसन्धान भइरहेको जनाएको छ। अनुसन्धानबाट प्राप्त प्रमाणका आधारमा भ्रष्टाचार निवारण ऐनअनुसार मुद्दा दायर गर्ने तयारी भइरहेको आयोग स्रोतले जनाएको छ।

### भरत ताल निर्माणमा अनियमितता आरोप

## मधेशका पूर्वअर्थमन्त्री शैलेन्द्र साहसहित ७ जनाविरुद्ध अख्तियारको भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेशका पूर्वअर्थमन्त्री शैलेन्द्र प्रसाद साह, पूर्वसचिव गजेन्द्र कुमार ठाकुर, सर्लाहीको बागमती नगरपालिकाका तत्कालीन नगरप्रमुख भरत कुमार थापासहित सात जना तथा निर्माण कम्पनी बिकोई/धुलिखेल जेभी, बानेश्वर, काठमाडौंविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।



आयोगले सर्लाहीको बागमती नगरपालिका-११ स्थित भरत ताल भनिने बागमती फनपार्क एण्ड रिसोर्ट निर्माण आयोजनामा सार्वजनिक खरिद प्रक्रिया, लागत निर्धारण तथा ठेक्का व्यवस्थापनमा अनियमितता भएको आरोपमा बिहीबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको छ।

आयोगले जनाए अनुसार आर्थिक वर्ष २०७६/७७ मा करिब २७ करोड ५६ लाख रुपैयाँ लागतको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी नगर विकास कोषको प्राविधिक तथा वित्तीय मूल्यांकनपछि आयोजना कार्यान्वयन शुरु गरिएको थियो। नगर विकास कोषले आयोजनाको कुल लागतको ५० प्रतिशत अर्थात् करिब १२ करोड रुपैयाँ ऋणसमेत उपलब्ध गराएको थियो।

पहिलो चरणको निर्माण कार्य जारी रहेकै अवस्थामा आर्थिक वर्ष २०७८/७९ मा बागमती नगरपालिकाले दोस्रो चरणका लागि नयाँ डीपीआर तयार गराएको आयोगको आरोप छ। उक्त डीपीआरमा मूल योजनामा समावेश नभएका संरचना थप गरी लागत अनुमान उल्लेख्य रूपमा बढाइएको र करिब ४२ करोड ६८ लाख रुपैयाँको लागत अनुमान स्वीकृत गरिएको अनुसन्धानबाट खुलेको आयोगले जनाएको छ।

आयोगले जनाए अनुसार दोस्रो चरणको ठेक्का आह्वान गर्दा प्रतिस्पर्धा सीमित हुने गरी बोलपत्र मूल्यांकनका जटिल मापदण्ड तय गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ विपरीत नगर कार्यपालिकाबाट सार्वजनिक खरिदसम्बन्धी मूल्यांकनका आधार स्वीकृत गरिएको र निर्माण व्यवसायीलाई नै फाइदा पुग्ने गरी ठेक्का प्रक्रिया अघि बढाइएको थियो।

त्यस्तै निर्माण व्यवसायीसंग मिलेमतो गरी धुलिखेल निर्माण सेवासंग सम्बन्धित कार्यानुभवलाई अनुकूल हुने मापदण्ड समावेश गरिएको, उपठेक्का सम्बन्धी सर्तसमेत निश्चित निर्माण व्यवसायीलाई लाभ पुग्ने गरी राखिएको आयोगको आरोप छ।

बिकोई/धुलिखेल जेभीका आधिकारिक प्रतिनिधि युवराज पोखरेलले सडक बत्तीसम्बन्धी कार्यानुभव देखाउन सार्वजनिक निकायमा झुटा तथा किर्ते कागजात पेश गरी ठेक्का प्राप्त गरेको अनुसन्धानबाट खुलेको जनाइएको छ।

आयोगले जनाए अनुसार यी कार्यबाट बागमती फनपार्क एण्ड रिसोर्ट आयोजनाको दोस्रो चरणका नाममा ३९ करोड ३९ लाख ६६ हजार ३३३ रुपैयाँ १३ पैसा बराबरको सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पुगेको छ। मधेश प्रदेश सरकारबाट भएको लगानीसमेत दुरुपयोग भएको आयोगको निष्कर्ष छ।

मुद्दाका प्रतिवादीमा पूर्वअर्थमन्त्री शैलेन्द्र प्रसाद साह, पूर्वसचिव गजेन्द्र कुमार ठाकुर, तत्कालीन उपसचिव उद्धवराज न्यौपाने, तत्कालीन नगरप्रमुख भरत कुमार थापा, तत्कालीन उपप्रमुख लीला कुमारी मुक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमल कुमार पोखरेल तथा बिकोई/धुलिखेल जेभी र त्यसका आधिकारिक प्रतिनिधि युवराज पोखरेल रहेका छन्।

आयोगले पूर्वअर्थमन्त्री साह र पूर्वसचिव ठाकुरविरुद्ध ३५ करोड रुपैयाँ, तत्कालीन उपसचिव न्यौपानेविरुद्ध २० करोड रुपैयाँ, तथा नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र निर्माण कम्पनीविरुद्ध ३९ करोड ३९ लाख ६६ हजार ३३३ रुपैयाँ १३ पैसा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद, जरिवाना, बिगो असुल तथा थप सजायको मागदाबी गरेको छ।

आरोपितहरूको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गत सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पुऱ्याउने कसुर भएकाले सोही ऐनबमोजिम विशेष अदालतमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ।

## धान-चामलमा बढ्दो परनिर्भरताः एक वर्षमै करिब ४० अर्ब रुपैयाँको आयात

**टुडे समाचारदाता**



जनकपुरधाम। नेपाल कृषिप्रधान देश भए पनि मुख्य खाद्यान्नका रूपमा रहेको धान तथा चामलमा विदेशी बजारप्रतिको निर्भरता अझै उच्च रहेको तथ्यांकले देखाएको छ। भन्सार विभागले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को तथ्यांकअनुसार नेपालले एक वर्षमा धान तथा चामल आयात गर्न ३९ अर्ब ८९ करोड ५८ लाख रुपैयाँ खर्च गरेको छ। कुल ७ लाख ४१ हजार ७ सय ३ टन धान र चामल आयात हुँदा स्वदेशी उत्पादनले आन्तरिक माग पूरा गर्न नसकेको स्पष्ट देखिन्छ।

यद्यपि अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा समग्र आयात परिमाण र आयात खर्चमा सामान्य कमी आएको छ। आर्थिक वर्ष २०८१/८२ मा नेपालले ७ लाख ७५ हजार २ सय ६८ टन धान तथा चामल आयात गरेको थियो, जसको मूल्य ४० अर्ब १८ करोड ९७ लाख रुपैयाँ पुगेको थियो। यस आधारमा गत आर्थिक वर्षमा आयात परिमाण करिब ३३ हजार ५ सय ६५ टनले घटेको छ भने आयात खर्च पनि करिब २९ करोड ३९ लाख रुपैयाँले कम भएको देखिन्छ।

> धान आयात घटे पनि तयारी चामलको आयातमा भने उल्लेखनीय वृद्धि भएको छ । आर्थिक वर्ष २०८२/८३ मा नेपालले २ लाख ६३ हजार ७ सय ९४ टन तयारी चामल आयात गरेको छ, जसका लागि २० अर्ब ७४ करोड ९८ लाख रुपैयाँ विदेशिएको छ ।

आर्थिक वर्ष २०८२/८३ मा नेपालले ४ लाख ७७ हजार ९ सय ९ टन धान आयात गरेको छ। यसका लागि १९ अर्ब १४ करोड ५९ लाख रुपैयाँ खर्च भएको छ । कुल आयातमध्ये २ हजार ९ सय ९३ टन धानको बिउ रहेको छ भने ४ लाख ७४ हजार ९ सय १५ टन अन्य कच्चा धान आयात गरिएको छ।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा भने ५ लाख ३३ हजार ७ सय १५ टन धान आयात भएको थियो, जसको मूल्य २१ अर्ब ५२ करोड ३७ लाख रुपैयाँ बराबर थियो । यसअनुसार धान आयात परिमाण करिब ५५ हजार ८ सय टनले घटेको छ भने आयात खर्च पनि करिब २ अर्ब ३८ करोड रुपैयाँले घटेको देखिन्छ।

धान आयातमा आएको कमीलाई केही हदसम्म स्वदेशी उत्पादन वृद्धि, सीमित आयात नियन्त्रण तथा निजी क्षेत्रको खरिद प्रवृत्तिसँग जोडेर हेर्न सकिन्छ । तर यसको प्रत्यक्ष लाभ स्वदेशी चामल उद्योगले लिन सकेको देखिँदैन।

धान आयात घटे पनि तयारी चामलको आयातमा भने उल्लेखनीय वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/८३ मा नेपालले २ लाख ६३ हजार ७ सय ९४ टन तयारी चामल आयात गरेको छ, जसका लागि २० अर्ब ७४ करोड ९८ लाख रुपैयाँ विदेशिएको छ।

यसअघि आर्थिक वर्ष २०८१/८२ मा २ लाख ४१ हजार ५ सय ५३ टन तयारी चामल आयात गरिएको थियो, जसको मूल्य १८ अर्ब ६६ करोड ५९ लाख रुपैयाँ थियो। एक वर्षमै तयारी चामलको आयात करिब २२ हजार २ सय ४१ टनले बढेको छ भने यसमा खर्च हुने रकम पनि २ अर्ब ८ करोड रुपैयाँभन्दा बढीले वृद्धि भएको देखिन्छ।

गत आर्थिक वर्षमा आयात गरिएको तयारी चामलमध्ये सबैभन्दा धेरै हिस्सा मसिनो चामलको रहेको छ। कुल १ लाख ८३ हजार १ सय १० टन मसिनो चामल आयात गरिएको छ। त्यस्तै ७१ हजार ६ सय २२ टन बासमती चामल, ९ हजार ५२ टन कनिका तथा नगन्य मात्रामा ब्राउन राइस आयात भएको तथ्यांकमा उल्लेख छ।

नेपालको धान तथा चामल आयातमा भारतको लगभग पूर्ण एकाधिकार कायम रहेको छ। कुल आयातको ९९ प्रतिशतभन्दा बढी हिस्सा भारतबाट आउने गरेको तथ्यांकले देखाएको छ।

आर्थिक वर्ष २०८२/८३ मा आयात गरिएको ४ लाख ७४ हजार ९ सय १५ टन कच्चा धान शतप्रतिशत भारतबाट आएको छ।

सबैभन्दा धेरै आयात हुने मसिनो चामलतर्फ कुल १ लाख ८३ हजार १ सय १० टनमध्ये १ लाख ८२ हजार ४ सय ५ टन भारतबाट मात्र आयात भएको छ। यसको मूल्य करिब ११ अर्ब ९० करोड रुपैयाँ रहेको छ।

भारतबाहेक भियतनामबाट ६ सय ९ टन, चीनबाट ६६ टन, थाइल्यान्डबाट २६ टन तथा इटालीबाट करिब ३ टन चामल आयात भएको छ।

त्यसैगरी ९ हजार ५२ टन कनिका आयातमध्ये लगभग सम्पूर्ण भारतबाट आएको छ भने चीनबाट करिब ५ सय किलो मात्र आयात भएको तथ्यांकमा उल्लेख छ।

धानको बीउतर्फ भने भारतबाट २ हजार ६ सय ६९ टन र चीनबाट ३ सय २४ टन आयात भएको छ।

नेपालमा पर्याप्त खेतीयोग्य जमिन, अनुकूल हावापानी र ठूलो कृषि जनशक्ति हुँदाहुँदै पनि मुख्य खाद्यान्नमै उच्च आयात निर्भरता रहनु खाद्य सुरक्षा र कृषि अर्थतन्त्रका दृष्टिले चिन्ताको विषय बनेको छ।



जनकपुर टुडे




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अर्थमन्त्रीकै कारण सरकार विवादमा

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) संसदीय दलका नेता बालेन्द्र साह(बालेन) नेतृत्वको सरकारमा अर्थमन्त्री रहेका स्वर्णिम वाग्लेको कारण सरकारको चौतर्फी आलोचना हुन थालेको छ। बजेटमा अर्थमन्त्रीले शिक्षा, स्वास्थ्य, विद्युत लगायतमा कर लगाएपछि चौतर्फी रुपमा विरोध भएको हो। शिक्षा र स्वास्थ्यमा लगाइएको तीन प्रतिशत कर फिर्ता लिएको प्रधानमन्त्री साहले आफ्नै फेसबुकबाट सार्वजनिक गरे । तर विद्युतमा लागेको भ्याट कायमै छ । सरकारले साउन १ गते देखि भ्याट लाग्ने घोषणा गरे पनि नेपाल विद्युत प्राधिकरणले असारकै बिजुली महसुलमा भ्याट जोडेर असुल गर्न थालेको छ । साउन १ गते देखि कर लागू भएकोले सो अवधिबाट खपत हुने विद्युत महसुलमा मात्र भ्याट लागु हुनुपर्ने हो । तर असार महिनादेखिकै विद्युत महसुलमा ५ प्रतिशत भ्याट असुल्न प्राधिकरण अगाडि बढेको छ। असार महिनाको विद्युत महसुल बुझाउन अझै समय बाँकी छ। प्राधिकरणले महसुलमा छुट दिन तोकेको समय सीमा नै बाँकी रहेकोले त्यसमा भ्याट जोड्न नहुने कर विज्ञहरुको तर्क छ। अर्थमन्त्रीले कर लगाउनु पर्छ। हरेक वर्ष बजेट भाषणबाट नै कर निर्धारण गर्ने चलन छ। हरेक अर्थमन्त्रीले बजेटमा केहि कर बृद्धि र केहीमा कर छुट दिने गर्छन् । तर वर्तमान अर्थमन्त्री वाग्लेले सरकारले चुनावको बखत गरेको घोषणा विपरितको बजेटले सरकारप्रति जनआक्रोश बढेको छ। सरकारले थालेको कयौं कार्यले लोकतान्त्रिक गणतन्त्रलाई नै धरापमा पार्ने संकेत देखिएको छ। सरकारले जनतालाई राहत दिन असफल भएको छ । आमनागरिकलाई राहत दिने बजेटमा नै सर्वसधारणलाई मर्माहत गर्ने प्रावधान राखिएकोले आँखा चिम्लेर शाहलाई प्रधानमन्त्री बनाउन मतदान गर्ने सर्वधारण निराश भएका छन् । विपक्षीहरुले अर्थमन्त्रीको आलोचना गरिरहेको भन्दा सर्वसधारणमा सरकारप्रति बढी निराशा देखिएको छ । अर्थमन्त्रीको कारण सरकारको चर्को आलोचना हुन थालेको छ । घण्टी छापमा मतदान गर्नेहरु अहिले पछुतो गर्न थालेका छन् । सत्तामा रहेकाहरुले यसलाई समान्य रुपमा लिन सक्छन् । तर सरकारप्रति आमनागरिकमा उत्पन्न आक्रोशले अप्रत्याशित दुर्घटना हुन सक्छ । विगतको सरकारले गरेको गडबडीलाई वर्तमान सरकारको कृयाकलापले ढाकछोप गर्न थालेको छ । सरकारको प्रभावकारिता कमजोर हुन थालेको छ। प्रधानमन्त्री बालेन्द्र साहबाट आमनागरिकले देशमा सुशासन, गरिब, विपन्नहरुलाई राहतको अपेक्षा थियो । तर सरकारले बाटो बिराउन थालेको छ । सरकारले आमनागरिकलाई राहत दिने कुनै कार्य गर्न सकेको छैन । पेट्रोलियम पदार्थको मूल्य वृद्धि, ग्यासको मूल्यमा वृद्धि लगायतलाई सरकारले क मगर्न असफल भएको छ । त्यसले आम नेपालीलाई आहत बनाएको छ । अर्थमन्त्री वाग्लेले आम नेपालीलाई हरेक क्षेत्रमा राहत दिने अपेक्षा गरिएको थियो । तर त्यस विपरित सबै क्षेत्रमा कर र महँगी बढाएकोले सरकार नै विवादमा परेको छ।

# कोभिड- १९ सँग एक स्वास्थ्यकर्मीको अनुभव



● अन्नपूर्ण पाण्डे

चीनको हुवान प्रान्तबाट सुरु भएको भनिएको (कोभिड- १९, नोवेल कोरोना भाइरस) को संक्रमणले आज विश्व आक्रान्त छ । सन् २०१९ डिसेम्बरको सुरुमा चीनको एउटा प्रान्तमा समस्या देखिँदा विश्वका अरु देशहरू जो विकासको चरम विन्दुमा छन्, देखि अल्पविकसित र विकासोन्मुख राष्ट्रहरूले यो र यसको संक्रमणको विषयमा त्यति गम्भीरता देखाएनन् । फलतः फैलिँदै एक र अर्को हुँदै यो हाम्रै घर-आँगनमा आइपुग्यो। यसले आजको दिनसम्म आइपुग्दा यस्तो समस्या देखा पर्‍यो कि प्रत्यक्ष रूपमा स्वास्थ्यसँग मात्र नजोडिएर सम्पूर्ण रूपले मानव जीवनलाई आर्थिक, सामाजिक, भौतिक रूपमा निःसर्त असर गरिरहेको छ।

म एक नेपाली, युवा, स्वास्थ्यकर्मी तथा २ बच्चाकी आमा, यो कोभिड- १९ सँग आममानिसहरूको जस्तै केही नयाँ तथा केही भिन्न अनुभव गर्ने मौका पाएकी छु। यो रोग जति भयावह सुनिएको छ, त्यति भयावह नेपालको परिप्रेक्ष्यमा देखिएको छैन । यद्यपि, विविध पक्षहरू योसँग जोडिएका होलान्, तथापि सरकार यसको नियन्त्रण पक्षमा विभिन्न समय र आवश्यकताअनुरुप, नियम र निर्देशनहरू लागू गर्दै लागिरहेको छ।

विद्यालय बन्द छन्, सरकारी कर्मचारीलाई सकी नसकी राज्यले बिदा दिएको छ, सडक खाली छन्, बजार बन्द छन् । तर, हामी केही पेसाकर्मी स्वास्थ्य, सुरक्षा र सञ्चारसँग सम्बन्धित) चाहिँ मिश्रित मनोबलसहित काममा कुदी नै रहेका छौँ । कहिलेकाहीँ लाग्छ, मानिसहरू सरकारी नीति किन (घरमै बस्नु भन्ने) अवज्ञा गर्दछन् ? हामी घर बस्न चाहन्छौँ तर पाउँदैनौँ ।

मैले आज मेरो निजी जीवनका नितान्त व्यक्तिगत भोगाइलाई यहाँहरूसमक्ष पस्कने अनुमति चाहन्छु । मेरो जीवन भोगाइ केवल अनुभव मात्र नभएर यो रोगको विषयमा जनमानसमा भएको डर, बाध्यता र अन्योललाई मेरो अनुभूतिले थोरै भए पनि चिर्न चाहन्छु। म त्रिभुवन विश्वविद्यालय, मनमोहन कार्डियोभास्कुलर थोरासिक एन्ड ट्रान्सप्लान्ट सेन्टरमा नर्सिङ पेसाकर्मीको रूपमा कार्यरत छु । हाम्रो पेसा सदैव सेवाभावमा समर्पित हुन्छ र हुनुपर्छ।

मैले मेरो जीवनको कम्तीमा पनि १६ वर्ष यो पेसामा बिताइसकेकी छु । यो अवधिमा म मेरो व्यक्तिगत जीवनमा एक छोरी , बहिनी , श्रीमती बुहारी र २ सन्तानको आमासमेत भइसकेँ। जीवनका विभिन्न क्षणमा शारीरिक आवश्यकता र विभिन्न खालका समयसापेक्ष परिवर्तनसँगै मैले यो पेसालाई धेरैपटक र धेरै कोणबाट अनुभव गरेकी छु।

जीवन सधैँ एकनाश हुँदैन। मेरो पेसामा विभिन्न खालका सरुवा, प्राण-घातक रोगदेखि कहिल्यै निको नहुने तर, नसर्ने रोगसँग सामना र पौँठेजोरी खेल्दै अदम्य साहस, सहानुभूति र प्रेमपूर्ण व्यवहार तथा आत्मीयता सहित कहिले नर्स मात्र, कहिले शिक्षक, कहिले आमा, कहिले छोरी र कहिले सुरक्षाकर्मीसम्म बन्नुपर्छ।

९ महिनाको बडेमानको पेट लिएर, आफ्ना सुन्निएका गोडालाई युनिफर्मभित्र छुपाएर नक्कली नै भए पनि हाँसोसहित अरु गर्भवती आमाहरूलाई यस्तो बेलामा प्रशस्त आराम गर्नुपर्छ भनेर सिकाउँदा तथा ३ महिनाको दूधे बालकलाई भए परिवार, नभए बल्लबल्ल खोजेको केयर टेकरको भरमा, आयो भने हतारिँदै बोतलमा निचोरेर राखिछोडेको दूध र ल्याक्टोजिन खुवाउन लगाउँदै कम्तीमा ६ महिनासम्म आमाको दूध मात्र खुवाउनुपर्छ भनी एक्सक्लुसिभ फिडिङ्का लागि चेतना दिँदा आफ्नो पीडा सुटुक्क कतै सकभर कसैले नदेख्ने गरी पोख्नुपर्ने पेसा हो यो।

खैर, यस्तै र यीभन्दा पनि अझै गढेका चोटिला पीडाहरू मेरो जीवनका यी १६ वर्षभित्र दह्रो घाउ बनेर ओभाएका छन्। आज कोभिड- १९ को महामारीले हामीलाई फेरि नयाँ पीडा, नयाँ दुःख र नयाँ कर्तव्य जन्माइदिएको छ । जीवनमा चाडपर्वमा परिवारसँगै हुन नपाउँदा, गर्भवती हुँदा, स- साना नानीहरू हुर्काउँदाका दुःखहरू भुल्दै यहीबीचमा सामाजिक र पारिवारिक दायित्व र कर्तव्यहरू सकेजति वहन गर्न कोसिस गरेकी थिएँ। अब त सानी नानी पनि २ वर्ष पुगिन्, केही सहज हुन्छ कि भन्ने सोच्दै गर्दा पुनः झन् कठिन घडी र अग्निपरीक्षा सुरु भएको छ।

हाम्रो पेसा अत्यावश्यक पेसा हो । अतः यस्तो




बेलामा मेरा व्यक्तिगत र पारिवारिक अप्ठ्यारा गौण हुनुपर्छ र पर्ने हो । तर, गौण यो अर्थमा हुनुपर्ने हो कि, आफ्ना अबोध लालाबाला सुरक्षित छन् भनेर निश्चिन्त हुन पाए। तर, प्रत्येक दिन समाजका हरेक व्यक्ति यो रोगसँग भयभीत छन्, पसलमा सामान किन्न डर लाग्छ, बैंकबाट पैसा निकाल्न, तरकारी किन्न...।

बिरामी भएर सिकिस्त नभएसम्म अस्पताल जानु वा भर्नाै मान्छे हरकोही मान्छेसँगै डराएका छन् । म पनि अरुजस्तै मानवीय संवेदना भएकी एक नारी तर, अरुभन्दा निडर र आँटिली बन्दै बिरामीकै सेवाका निम्ति साना नानीहरूलाई 'सुरक्षित बस है' भन्दै कहिले दिनभरि त कहिले रातभरीका लागि अरु हिँड्नसम्म डराउने बाटोहुँदै अस्पताल पुग्छु।

समयले कस्ताकस्ता अनुभूति गराउँदो रहेछ, आज प्रत्यक्ष अनुभव गर्दै छु। म बाहिर देख्दा निकै कडा, समस्याका बलिया भारीलाई सहज बोक्न सक्ने र कठोर तर भित्रभित्रै निकै कोमल र मैनजस्तै छु, जुन कुरा मसँग साँच्चिकै संगत गरेका थोरै व्यक्तिहरूलाई थाहा छ।

म सानैदेखि अलि हठी, निडर र आत्मसंयमी थिएँ। त्यो बानी मसँग आज पनि छ। मलाई कुनै सही कुराको पक्षमा बोल्न चाहे त्यो हजार अवरोध किन नहोस् या त्यो विषयले मेरो व्यक्तिगत जीवनमा ठूलो क्षति भए पनि म कदापि पछि हट्दिनँ । कसैको व्यक्तिगत लालची भएर चाकडी गर्दिनँ र गर्ने आममानवीय साथी सर्कल पनि मन पराउँदिनँ, जसको कारण मेरो बानी-व्यवहार धेरैलाई बिझ्न सक्छ र बिझेको होला। तर, मेरो यो आदतमा म स्वयम् निकै आत्मसम्मान पाउँछु र गर्व गर्छु। यस्तो विचार बोकेर हिँड्ने मजस्ता मनुवालाई पनि अहिलेको समयले बेलाबेलामा पटकपटक गलाएको छ, थलाएको छ र च्यापेको छ। मेरो पेसामा सधैँ एचआईभी/एड्स, हेपाटाइटिस बी, हेपाटाइटिस सी, पल्मोनरी ट्यूबर कुलोसिस, स्किन डिजिज, एसएआरएस, बर्ड ब्लू, स्वाइन फ्लूजस्ता भयावह रोगहरूसँग खतरा मोल्दै पटक-पटक सेवामा तल्लीन हुनुपर्छ।यो मलाई नर्सिङ अध्ययन गर्ने बेलादेखि नै स्पष्ट थाहा छ र म अभ्यस्त भइसकेकाले होला, आजका दिनमा जसरी यी रोगहरूसँग कहिल्यै डर लागेन र पछि पनि हट्न मन लागेन। तर, अहिले किनकिन अस्पतालबाट फर्किंदा कतै कोरोनाका भाइरस त सँगै ल्याएकी छैन भन्दै डरले मुटु ढक्क फुल्छ। जबकि हामी सम्पूर्ण टिम पहिलाभन्दा निकै सचेत र सुरक्षित भएर काम गर्छौं र काम गर्ने वातावरण पनि छ।

अस्पतालको युनिफर्म त्यहीँ धोइदिने व्यवस्था छ। आफ्नो सिफ्ट सकिएपछि नुहाएर फर्किन्छौँ, ड्युटीमा लगाएको लुगा र हरेक सामान बाहिरै सरफमा डुबाएर पुनः हातगोडा धोएर मात्र आफ्नी आमालाई गुँडमा पर्खेर बसेका स-साना बचेरालाई चराले माया गरेझैँ नानी समाउने वा परिवारमा घुलमिल हुन्छौँ। शरीरमा कुनै गहना, माला, पोते केही लगाउँदैनौँ। मोबाइल पटकपटक स्पिरिट र स्यानिटाइजरले पुछ्दा स्क्रिन नै बिग्रिसकेको छ। म पनि त्यसै गर्छु। मसँग यस्तैयस्तै अनुभूतिहरू छन्।

मैले काम गर्ने ठाउँ प्रत्यक्ष कोभिडका संक्रमित बिरामी हेर्नुपर्ने ठाउँ होइन । अझ त्यसरी हेर्नुपर्ने ठाउँका आदरणीय दिदीबहिनीहरूसँग कस्तो अनुभूति छ होला, म केवल कल्पना मात्र गर्न सक्छु। तैपनि कोभिड नयाँ रोग, लक्षण पनि यस्तै मात्रै हुन्छ भन्ने ठ्याक्कै केही नभएको र अधिकांश हाम्रो देशमा देखिएका बिरामीहरूमा पीसीआर पोजिटिभ हुँदा पनि लक्षण नदेखिएको अवस्था छ।

दैनिकी यसरी नै चलिरहेको अस्पतालमा एक दिन अन्य समस्याका कारण आउनुभएका बिरामीमा पीसीआर पोजिटिभ देखियो। आरडीटी टेस्ट गर्दा नेगेटिभ देखिएका कारण हाम्रो टिम त्यति धेरै (जति हुनुपर्थ्यो) सजग बनेन, जसका कारण बिरामीसँग एक्सपोज भएको भएर पनि हामी सदाझैँ घरमा परिवारसँग बस्यौँ, नानीहरूसँग रमायौँ । तर, सम्बन्धित बिरामीलाई ज्वरो आइरहेको देखिएपछि पीसीआर गर्ने निर्णय भयो र पीसीआर टेस्टका लागि नसल/थ्रोट स्वाब पठाइयो तथा पुनः आरडीटी टेस्ट गरियो, जुन दोस्रोपटक पनि नेगेटिभ नै थियो।

केस सस्पेक्टेड या कन्फर्म नै किन नहोस्, हामीले बिरामीलाई कुनै पक्षपात गर्दैनौँ र गरेनौँ या भर्नाै बिरामी पूरै बिस्तारामा 'बेड रिडेन' हुनुहुन्थ्यो। हामी मिलेर आवश्यकता पहिचान गरी सम्पूर्ण सेवा गर्दै रह्यौँ। तर, सदाझैँ १२ घण्टाको ड्युटी सकेर राति ८ बजे घर फर्किन तयारी गर्दै थियौँ, बिरामीको पीसीआर रिपोर्ट पोजिटिभ आएको खबरसहित हामीहरू कसैलाई पनि घर नजानू र कोभिड टिमको सम्पर्कमा बस्ने अनुरोध र आदेश भयो।

त्यतिबेला मेरो त्यो निडर, निर्भीक र अनुभवी व्यक्तित्व पूरै कता हरायो। मलाई केवल ती २ अबोध नानीहरूको मात्र अनुहार आँखा अगाडि झलझली भयो । म त्यो बेला केवल म नभएर एउटी अवला आमा मात्र रहेँ, जसले आफ्ना नानीहरूलाई २-३ दिनअगाडि नै कोरोना सारिसकेँ भन्ने मातृवात्सल्यपूर्ण हीनताबोधले म गलेँ। आँखाबाट अनायासै आँसुका धारा झर्न पुगेँ। म यति निरीह आमा बनेँ, जसले त्यहाँ सबै जो-जो हुनुहुन्थ्यो, उहाँहरू सबै पेसामा मभन्दा साना हुनुहुन्छ भन्नेसम्म भुलेँ । मात्र एउटा कुराको याद रह्यो- मेरा बच्चाहरू घरमा ७ र २ वर्षका केयर टेकरसँग मात्रै छन्।

अनि केयर टेकर पनि म घर पुगेपछि आफ्नो घर जानुपर्ने । अझै मैले रोगसमेत लगेर सारिदिइसकेँ होला । उनीहरू (बच्चा) की आमा विवश छ। अस्पतालले घर नजान भन्दै छ र बाबा कामको सिलसिलामा बाहिरै हुनुहुन्छ। त्यसैले पनि निर्णय लिन र संयमित हुन समय लाग्यो। खै के-के भयो; त्यति याद पनि भएन।

जब आइसोलेसन वार्डले बस्ने व्यवस्था गर्न थाल्यो, मैले निकै अनुरोध गरेर घर आउने निर्णय गरेँ । म पहिला सानी हुँदा राति ट्वाइलेट जान पनि डराउँथे र गइहाले पनि भित्रबाट चुकुल लगाउँदासमेत कसैले बाहिरबाट धकेल्छ कि भनेर अज्ञात भयले सताउँथ्यो । तर, त्यो दिन खै मलाई केले साहस दियो, राति १२ बजे अस्पतालबाट घर जान एक्लै हिँडेँ ।

राति हिँड्नुको एउटै मात्र कारण थियो, जुन समाचारहरूमा पटकपटक समुदायले स्वास्थ्यकर्मीहरूलाई तिरस्कार गरेको, घरबेटीले ढोका नखोलिदिएको तथा टोलले बाटो छेकेको भन्ने पढ्न पाइन्थ्यो । कहीँ भोलिसम्ममा यो समाचारले मलाई पनि यस्तै पीडा भोग्ने बनायो भने मेरा नानीहरू एक्लो हुन्छन् भन्ने भयले त्यति राति पनि आँट गरेर घर फर्किएँ र एकान्तबासमा बस्न थालेँ।

शुरुमा केही (१/२ दिन) समय आफूलाई सम्हाल्न, आश्वस्त पार्न लाग्यो । पछि, यदि मेरो आफ्नै स्वाब टेस्टमा कोरोना पोजिटिभ रिपोर्ट आएछ भने पनि ठीकै छ र निगेटिभ आए पनि ठीकै छ भन्ने सोच्न थालेँ। अहिल्यै नेगेटिभ आयो भने पनि त्यही क्षेत्रमा काम गर्नुपर्छ, संक्रमितको संख्या झन्झन् बढ्दो छ र यो महामारी तुरुन्तै विभिन्न कारणले रोकिने देखिँदैन।

त्यसो भएपछि आफ्ना यी बच्चाहरू व्यवस्थित र ढुक्कले हेरचाह गर्ने व्यवस्था मिलाउन पाए मलाई सेवामा समर्पित हुन सहयोग हुन्थ्यो भन्ने मात्रै आउन थाल्यो । यो विषयमा म मेरो श्रीमान् (जो एकान्तबासको १-२ दिनपछि घरमा आइपुग्नुभएको थियो) सँग सल्लाह गर्न लागेँ।

हामी लामो समयसम्म प्रत्यक्ष संलग्न सबै डाक्टर, नर्स र सरसफाइकर्मी सबैको पीसीआर रिपोर्ट नेगेटिभ आउनु। शुरुदेखि नै उहाँसँगै रहनुभएका परिवारजनमा पनि कोभिड संक्रमण नभेटिनु। बिरामीलाई यससँग सम्बन्धित, सुने, पढेअनुसारका मिल्दाजुल्दा देखिने लक्षणहरू पनि क्रमशः आफैँ हराएर जानु। यी र यस्तै अवस्थाले गर्दा हामीले यो सोच्न सक्छौँ र म मेरो अनुभवले पनि भन्न चाहन्छु- यो रोग त्यति भयावह छैन, जति हामी सोच्दछौँ । अतः आफ्नो दैनिकीमा बिस्तारै फर्कौं, नडराऔँ तर, सचेत बनौँ । पटक-पटक राम्रोसँग हात धोऔँ। कोरोनाभन्दा अब आउने आर्थिक अभावसहितको मानसिक समस्यासँग लड्न तयार बनौँ । यो लेख शिलापत्रडटकमबाट साभार गरिएको छ।

# सुशासन र लोकतन्त्रको अन्तरसम्बन्ध



श्यामप्रसाद मैनाली

हरेक राजनीतिक आन्दोलनपछि नेपाली जनताले एउटा नयाँ आशा बोकेका हुन्छन्। २००७ सालको परिवर्तन, २०४६ सालको जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन, संविधान निर्माण तथा त्यसपछि भएका निर्वाचनहरूमा सुन्दर आकर्षक चुनावी घोषणापत्र लिएर राजनीतिक दलहरू निर्वाचनमा होमिए। निर्वाचनको हरेक चरणमा जनतालाई सबै राजनीतिक दलहरूबाट एउटै वाचा सुनाइयो।

उनीहरूमध्ये जो कोही शासन सत्तामा पुगे पनि नेपाली जनतालाई सुशासन, भ्रष्टाचार नियन्त्रण, कानुनी शासन र समृद्ध नेपालका पक्षमा दृढताका साथ लागिपर्ने वाचा बन्धन गरे।

राष्ट्रिय राजनीतिमा पक्कड जमाएका केही सीमित राजनीतिक दलहरू पटकपटक सत्तामा पुगे तर विडम्बना, जनताले खोजेको परिवर्तनभन्दा सत्ता सम्हालेकाहरूको व्यवहार धेरैपटक उस्तै देखियो। अनुहार फेरिए, नाराहरू फेरिए, दल फेरिए तर शासनको शैलीमा अपेक्षित परिवर्तन आएन। त्यसैले धेरै नेपालीको मनमा आज एउटा प्रश्न गुञ्जिरहेको छ। के नेपालमा सुशासन केवल चुनावी नारा मात्र हो ? के कुनै पनि लोकतान्त्रिक आन्दोलनमा सफलता प्राप्त गर्न राजनीति गर्दै आएका दलहरू जनताप्रति इमान्दार नभएकै हुन् त ?

निर्वाचनका बेला राजनीतिक दलहरूले जनताको चाहना, निराशा र भावनालाई बुझेर आकर्षक घोषणापत्र सार्वजनिक गर्छन् तर सरकारमा पुगेपछि ती प्रतिबद्धताहरू कार्यान्वयनभन्दा सत्ता जोगाउने, आफ्ना कार्यकर्तालाई व्यवस्थापन गर्ने र शक्ति केन्द्रहरूलाई सन्तुष्ट पार्ने कार्यमा बढी ऊर्जा खर्च भएको देखिन्छ। परिणामतः जनताको विश्वास कमजोर हुँदै गएको छ। नेपाल आज केवल आन्तरिक राजनीतिक प्रयोगको केन्द्र मात्र बनेको छैन, भूराजनीतिक प्रतिस्पर्धाको पनि केन्द्र बनेको अनुभूति हुन्छ।

दुई विशाल छिमेकी राष्ट्रका रणनीतिक चासो, अन्तरराष्ट्रिय शक्तिहरूको प्रभाव र देशभित्रको अस्थिर राजनीतिक संस्कृतिले नेपाललाई बारम्बार प्रयोगशाला बनाइरहेको छ। यस्तो अवस्थामा स्थायी नीति, संस्थागत निर्णय र दीर्घकालीन राष्ट्रिय हित ओझेलमा पर्न थालेका छन्।

विश्वका केही देशहरूले भने यस्तै कठिन अवस्थाबाट सफलतापूर्वक सुशासनको यात्रा तय गरेका छन्। सिंगापुर स्वतन्त्र भएपछि भ्रष्टाचार, गरिबी र सीमित स्रोतले ग्रस्त थियो तर त्यहाँ कडा कानुनी शासन, निष्पक्ष प्रशासन, योग्यता आधारित नियुक्ति र भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अपनाइयो। परिणामस्वरूप आज सिङ्गापुर विश्वकै सुशासित राष्ट्रहरूमध्ये एक मानिन्छ। जर्जियाले सन् २००३ को 'रोज रिभोलुसन'पछि प्रहरी, प्रशासन र सार्वजनिक सेवामा व्यापक सुधार गर्‍यो। भ्रष्टाचार नियन्त्रणका लागि संस्थागत परिवर्तन गरियो र केही वर्षमै नागरिकको राज्य प्रतिको विश्वास उल्लेखनीय रूपमा बढ्यो।

रुवान्डाले नरसंहारपछि राष्ट्रिय पुनर्निर्माणमा अनुशासन, जवाफदेहिता र विकासलाई प्राथमिकता दियो। यद्यपि त्यहाँ लोकतान्त्रिक स्वतन्त्रताबारे आलोचना पनि छन् तर सार्वजनिक प्रशासनको प्रभावकारिता र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा उल्लेखनीय सुधार देखिएको छ। यी उदाहरणहरूले एउटा स्पष्ट सन्देश दिन्छन्। सुशासन केवल राम्रो नेता आएर मात्र स्थापित हुँदैन। बलियो संस्था, निष्पक्ष कानुन, उत्तरदायी प्रशासन र जागरूक नागरिकको संयुक्त प्रयासबाट मात्र सम्भव हुन्छ। तसर्थ, त्यसमा सुशासन कायम गर्न संयुक्त प्रयास जरुरी छ।

नेपालमा पनि सुशासनको आधार तयार गर्न केही अपरिहार्य कदम आवश्यक छन्। कानुन सबैका लागि समान रूपमा लागू हुनुपर्छ। संवैधानिक निकायहरू राजनीतिक प्रभावबाट मुक्त हुनुपर्छ। नियुक्ति, बढुवा र सार्वजनिक सेवा पूर्णरूपमा योग्यता र पारदर्शितामा आधारित हुनुपर्छ। राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र बलियो हुनुपर्छ। निर्वाचनलाई केवल लोकप्रिय नाराको प्रतिस्पर्धा नभई नीति र कार्यसम्पादनको मूल्याङ्कन गर्ने माध्यम बनाइनुपर्छ। नागरिक समाज, सञ्चार माध्यम र सचेत मतदाताले पनि निरन्तर निगरानी र दबाब कायम राख्नुपर्छ।

### नागरिक सडकमा निस्किनु लोकतन्त्रको असफलता

लोकतन्त्र केवल निर्वाचन सम्पन्न हुनु वा सरकार परिवर्तन हुनु मात्र होइन। यसको वास्तविक सफलता तब मापन हुन्छ, जब नागरिकले आफ्ना अधिकारको रक्षा, न्यायको प्राप्ति र राज्यबाट सेवा लिनका लागि पटकपटक सडकमा उत्रनु नपरोस्। जनआन्दोलनको उद्देश्य तानाशाही शासनको अन्त्य मात्र होइन, जनउत्तरदायी, पारदर्शी र कानुनको शासनमा आधारित राज्य व्यवस्था निर्माण गर्नु पनि हो। तानाशाही शासनमा नागरिकका आवाज दबाइन्छन्। असहमतिलाई अपराध ठानिन्छ। राज्य शक्ति नागरिकमाथि नियन्त्रण कायम गर्न प्रयोग गरिन्छ। त्यसैले जनआन्दोलन जन्मिन्छ तर जनआन्दोलनपछि स्थापित लोकतान्त्रिक सरकारले पनि नागरिकलाई आफ्ना सामान्य अधिकारका लागि निरन्तर आन्दोलन गर्न बाध्य बनायो भने त्यो लोकतन्त्रको अपूर्णता हो।

लोकतान्त्रिक सरकारको पहिलो दायित्व भनेको नागरिकका गुनासा सुन्ने, कानुनी र संस्थागत माध्यमबाट समाधान गर्ने तथा राज्यप्रति जनविश्वास बढाउने हो। नागरिकले सडकलाई अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गर्नुपर्ने अवस्था सिर्जना गर्नु नै सुशासनको परिचायक हो। हरेक समस्या समाधान गर्न सडक नै रोज्नुपर्ने अवस्था रहिरह्यो भने लोकतान्त्रिक संस्थाहरू कमजोर भएको सन्देश जान्छ। विश्वका सफल लोकतन्त्र हरूमा सरकार परिवर्तन हुन्छ तर राज्यका संस्थाहरू स्थिर रहन्छन्। अदालत स्वतन्त्र हुन्छ, संसद प्रभावकारी हुन्छ, अख्तियार र नियामक निकायहरू निष्पक्ष हुन्छन्, सार्वजनिक प्रशासन कानुनअनुसार चल्छ। त्यसैले नागरिकका धेरैजसो समस्या सडकमा होइन, संस्थाभित्रै समाधान हुन्छन्।

नेपालमा भने परिवर्तनपछि पनि धेरै नागरिकले आफ्ना अधिकारका लागि आन्दोलन, धर्ना, बन्द र प्रदर्शनलाई नै अन्तिम उपाय मान्नुपर्ने अवस्था बेला बेलामा देखिएको छ। यसले राजनीतिक परिवर्तन भए पनि शासन शैलीमा अपेक्षित सुधार हुन नसकेको सङ्केत गर्दछ। नागरिकको धैर्यको परीक्षा बारम्बार लिने व्यवस्था दीर्घकालीन रूपमा लोकतन्त्रका लागि पनि चुनौती बन्छ। सुशासनको आधार भनेको सरकारको जवाफदेहिता, पारदर्शिता, कानुनको समान कार्यान्वयन र सार्वजनिक संस्थाहरूको विश्वसनीयता हो। सरकारले आफ्ना निर्णयको उत्तर दिन्छ र स्वामित्व ग्रहण गर्दछ। सार्वजनिक पदाधिकारीहरू कानुनभन्दा माथि हुँदैनन्, भ्रष्टाचारीमाथि निष्पक्ष कारबाही हुन्छ र नागरिकका गुनासा छिटो सम्बोधन हुन्छन्, तब लोकतन्त्र बलियो बन्छ।

जनआन्दोलनको अन्तिम लक्ष्य अर्को आन्दोलनको तयारी गर्नु होइन, आन्दोलनको आवश्यकता नै कम हुने समाज निर्माण गर्नु हो। जब नागरिकले न्यायका लागि सडक होइन अदालतमा विश्वास गर्छन्, सेवा प्राप्त गर्न आन्दोलन होइन, प्रशासनमा भरोसा गर्छन्, सरकार आलोचनालाई शत्रुता होइन, सुधारको अवसरका रूपमा ग्रहण गर्छन, तब मात्र लोकतन्त्र परिपक्व हुन्छ।

लोकतन्त्रको सबैभन्दा ठूलो उपलब्धि सरकार परिवर्तन होइन। नागरिकलाई आफ्ना अधिकारका लागि बारम्बार सडकमा उत्रिन नपर्ने अवस्था सिर्जना गर्नु हो। त्यही अवस्थामा शासकहरू नागरिकप्रति वास्तविक रूपमा जवाफदेही हुन्छन्, लोकतान्त्रिक संस्थाहरू सुदृढ हुन्छन् र कानुनी शासन राष्ट्रको स्थायी संस्कारका रूपमा स्थापित हुन्छ। नेपालमा आवधिक निर्वाचन सम्पन्न हुँदा पाँच वर्ष अवधि पूरा गरेका उदाहरणहरू बिरलै छन्। बीचबीचमै सडकमार्फत अथवा सरकारमार्फत संसद् समाप्त भएको छ र पुनः निर्वाचनमा जाने परिस्थिति बनेको छ। यो परिस्थिति सिर्जना हुनु लोकतन्त्रमाथि प्रश्नचिह्न खडा गर्नु हो।

### स्वतन्त्र निकायहरू सुदृढ नहुनु लोकतन्त्रमा गम्भीर प्रश्न

नेपालका लोकतान्त्रिक संस्थाहरू अत्यन्त कमजोर भएका छन्। संवैधानिक निकायहरूमा योग्यता प्रणालीलाई गौण आकलन गर्दै आफू निकट व्यक्तिहरूलाई जिम्मेवारी दिने प्रचलनले अभ्यस्तता प्राप्त गरेको छ। उनीहरूको भक्तिभाव आफूलाई जिम्मेवारी दिनेप्रति हुनु मानवीय स्वभाव हो। यो पद्धतिकै कमजोरीका कारण संवैधानिक निकायहरु जसले कार्यकारणी अधिकारको कटौती गर्दछन् स्वतन्त्र रुपमा काम गर्न संवैधानिक हैसियत प्रदान गरिदिएको हुन्छ तर उनीहरु सरकारमा र सत्तामा रहनेहरूको सहयोगीका रुपमा मात्रै प्रस्तुत हुन्छन्। यो अवस्थाको अन्त्य जुन दिनसम्म हुँदैन सुशासनको नारा सिद्धान्तमा मात्र सीमित रहन्छ।

नेपालमा विभिन्न कालखण्डहरूमा विभिन्न दलहरूले सुशासन पक्षमा आफू प्रतिबद्ध रहेको देखाउँदै मतदाताहरूलाई आफूतर्फ आकर्षित गरे। जब शासनमा पुगे तब भ्रष्टाचारमा लिप्त हुन पुगे, स्वार्थको सङ्घर्षलाई आफ्नो दैनिकी बनाए। नातावाद कृपावादलाई सामान्य रुपमा दिँदै गए। लोकतान्त्रिक मूल्य र मान्यताहरूमा हदैसम्मको समझदारी उनीहरूबाट हुँदै गयो। कार्यकारणी अङ्ग राज्यका अन्य दुई अङ्गहरूभन्दा धेरै शक्तिशाली बन्दै गयो। ठूलाठूला आर्थिक घोटालाहरूलाई नीतिगत निर्णयको आवरणमा अभयदान दिने प्रपञ्च रचियो। यसमा ठूला दलहरू सबैको मतैक्यता रह्यो। यस अवस्थामा देशमा सुशासन भनेको मृगतृष्णा हुने नै भयो।

नेपालमा सुशासनको अभाव कुनै एक दल, एक नेता वा एक सरकारको मात्र समस्या होइन। यो राजनीतिक संस्कृति, संस्थागत कमजोरी र नागरिक चेतनासँग जोडिएको राष्ट्रिय चुनौती हो। जबसम्म चुनाव जित्ने माध्यम केवल आकर्षक नारा र भावनात्मक भाषण रहिरहन्छ, तबसम्म 'नयाँ बोतलमा पुरानो रक्सी' को अवस्था दोहोरिरहन सक्छ। सुशासनको वास्तविक यात्रा तब सुरु हुन्छ, जब व्यक्ति होइन, पद्धति बलियो हुन्छ। सत्ता होइन, संस्था शक्तिशाली हुन्छ। नारा होइन, परिणामले जनताको विश्वास जित्छ। जब कानुन सबैका लागि समान रुपले लागू गरिन्छ, सुशासनको जग त्यहीँबाट प्रारम्भ हुन्छ। नेपालले अब अर्को राजनीतिक प्रयोग होइन, स्थायी कानुनी शासन, संस्थागत उत्तरदायित्व र राष्ट्रिय हितलाई केन्द्रमा राख्ने परिपक्व लोकतान्त्रिक संस्कृतिको आवश्यकता महसुस गरिरहेको छ। यही मार्गले मात्र राजनीतिक अस्थिरताको अन्त्य, भ्रष्टाचार नियन्त्रण र समृद्ध नेपालको सपना साकार पार्न सकिन्छ। (लेखक नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ।)

# मधेसमा 'बफर' कोटाको रसायनिक मल वितरण शुरु



जनकपुरधाम । कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधाम धनुषाले मधेस प्रदेश सरकारद्वारा निर्धारिते 'बफर' कोटाको रसायनिक मल वितरण शुरु गरेको छ ।

धान रोपाइँको समयमा रसायनिक मलको अभाव झेलिरहेका धनुषाका किसानलाई लक्षित गरेर स्थानीय तहको सिफारिसको आधारमा बफर कोटाको युरिया र डिएपी रसायनिक मलको वितरण सुरु गरेको हो ।

मधेस प्रदेश सरकारको गत असार ३१ गतेको निर्णयबमोजिम स्थानीय तहगत रुपमा निर्धारण गरिएको बफर कोटाअनुसार युरिया र डिएपी मल बिक्री वितरण सुरु गरिएको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामका सूचना अधिकारी बेचन साहले जानकारी दिनुभयो ।

उहाँका अनुसार मलको वितरणसँगै जिल्लामा केही समय अघिसम्म रहेको डिएपी मलको अभाव विस्तारै हट्दै गएको छ । साउनको दोश्रो सातासम्म थप युरिया र डिएपी मल आउने भएकाले मलको अभाव पूर्ण रुपमा हट्ने उहाँको भनाइ छ ।

यसैबीच कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधाम धनुषाले पछिल्लो एक वर्षको अवधिमा १८ हजार ७४५ दशमलव एक मेट्रिक टन रसायनिक मल किसानलाई वितरण गरेको छ ।

कार्यालयका सूचना अधिकारी साहका अनुसार सो कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा युरिया ११ हजार २४१ दशमलव ३५० मेट्रिक टन, डिएपी छ हजार ९६३ दशमलव ३०० मेट्रिक टन, पोटास ३७९ दशमलव ५५० मेट्रिक टन र कृषि चुन १६० दशमलव ९०० मेट्रिक टन रसायनिक मल किसानलाई वितरण गरेको छ ।

सो कार्यालयलाई आव २०८२/८३ मा युरिया १० हजार ६१८ दशमलव ५०० मेट्रिक टन, डिएपी सात हजार २८९ मेट्रिक टन, पोटास ४६३ मेट्रिक र कृषि चुन २३५ मेट्रिक टन रसायनिक मल प्राप्त भएको सूचना अधिकारी साहले बताउनुभयो । यसबाट अधिकांश प्राप्त मल किसानसम्म पुगिसकेको देखिएको छ ।

धान रोपाइँको मुख्य सिजनमा समेत कार्यालयले आवश्यकताअनुसार मल वितरण गर्दै मौज्दात व्यवस्थापनलाई प्रभावकारी बनाएको कार्यालय प्रमुख ध्रुव चौधरीले बताउनुभयो ।

धान रोपाइँको यामलाई लक्षित गरी मलको नियमित आपूर्ति, मौज्दात व्यवस्थापन र वितरण प्रक्रियालाई व्यवस्थित बनाइएको प्रमुख चौधरीको भनाइ छ । किसानको मागअनुसार थप मल उपलब्ध गराउन आवश्यक समन्वय समेत भइरहेको र यस वर्षको थप मल केही दिनभित्रै मल आइपुग्ने प्रमुख चौधरीको भनाइ छ । रासस

# मधेश प्रदेशका ३४ स्थानीय तहमा करदाता सेवा विस्तार




जनकपुरधाम । मधेश प्रदेशका ३४ स्थानीय तहहरूमा करदाता सेवा विस्तार भएको छ । संघीय सरकारले नागरिकलाई सहज, छरितो र पहुँचयोग्य सेवा प्रदान गर्ने उद्देश्यसहित अघि सारेको 'स्थानीय तहबाटै करदाता सेवा' अवधारणाले अब व्यावहारिक रूप लिन थालेको छ ।

नेपालमा संघीयता लागू भएको एक दशक पुग्न लाग्दा पनि धेरै सार्वजनिक सेवा अझै केन्द्रित संरचनाबाटै सञ्चालन हुँदै आएका छन् । कर प्रशासन पनि त्यसमध्ये एक थियो । प्यान दर्ता, प्यान रूपान्तरण, आयकर दर्ता तथा अन्तःशुल्कसम्बन्धी विभिन्न प्रक्रियाका लागि सेवाग्राहीले घण्टौं यात्रा गर्नुपर्ने अवस्था थियो । विशेषगरी ग्रामीण क्षेत्रका नागरिक र साना व्यवसायीका लागि यो झन्झटिलो मात्र होइन, खर्चिलो पनि थियो । मधेस प्रदेशमा यसको प्रभावकारी कार्यान्वयन हुन थालेको देखिन्छ ।

मधेश प्रदेशका ३४ वटा स्थानीय तहहरुले करदाता सेवा शुरु भएसँगै नागरिकले करसम्बन्धी कामका लागि जिल्ला सदरमुकाम वा आन्तरिक राजस्व कार्यालय धाउनुपर्ने बाध्यता कम हुँदै गएको छ । सप्तरी, धनुषा, सर्लाही, रौतहट र बाराका ३४ स्थानीय तहमा सेवा सुरु हुनु त्यसैको उदाहरण हो । मधेस प्रदेशको आठ जिल्लाको १३६ स्थानीय तहमध्ये हालसम्म सप्तरी, धनुषा, सर्लाही, रौतहट र बाराका ३४ स्थानीय तहबाट करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालयहरुले जनाएको छ ।

आन्तरिक राजस्व कार्यालय लहान सिरहाका प्रमुख अमित पौडेलका अनुसार सप्तरीको १८ वटै स्थानीय तहमा करदाता सेवा सुरु भइसकेको छ । सप्तरीको राजविराज नगरपालिका, सप्तकोशी नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालनी नगरपालिका, शम्भुनाथ नगरपालिका, खडक नगरपालिका, बोदे बसाइन नगरपालिका, डाक्नेश्वरी नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाइर कृष्णासबरण गाउँपालिका, तिरहुत गाउँपालिका, महदेवा गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका, राजगढ गाउँपालिका, विष्णुपुर गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, बलान बिहुल गाउँपालिका र रुपनी गाउँपालिकामा करदाता सेवा सुरु भइसकेको प्रमुख पौडेल बताउनुहुन्छ । सिरहामा भने कुनै पनि स्थानीय तहबाट अहिलेसम्म करदाता सेवा सुरु हुन सकेको छैन ।

आन्तरिक राजस्व कार्यालय लहान र सदरमुकाम सिरहास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयले सिरहा जिल्लामा करदाता सेवा पुऱ्याउँदै आएको छ । यस्तै धनुषाको मिथिला नगरपालिका र क्षीरेश्वरनाथ नगरपालिकाले पनि केही दिनदेखि करदाता सेवा सञ्चालन गरेको आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख आनन्दकुमार गुप्ता बताउनुहुन्छ । धनुषाको केही स्थानीय तहहरुमा करदाता सेवा सञ्चालन सम्बन्धमा छलफल र सम्झौताको काम अघि बढेको र केही दिनमा ती स्थानीय तहहरुले करदाता सेवा विस्तार हुने उहाँको भनाइ छ ।

सर्लाहीको लालबन्दी नगरपालिका, बागमती नगरपालिका, ईश्वरपुर नगरपालिका, हरिवन नगरपालिका, हरिपुर्वा नगरपालिका र हरिपुर नगरपालिकामा करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालय महोत्तरी बर्दिबासमा सूचना अधिकारी रोविन साह बताउनुहुन्छ । उहाँका अनुसार सर्लाहीको बाँकी चार पालिकामा करदाता सेवा सञ्चालनका लागि प्रयास भइरहेको छ ।

आन्तरिक राजस्व कार्यालय सिमरा बाराका अनुसार रौतहटको सात पालिकाबाट करदाता सेवा सञ्चालन भइसकेको छ । रौतहटको चन्द्रपुर नगरपालिका, गरुडा नगरपालिका, गुजरा नगरपालिका, कटहरीया नगरपालिका, गढीमाई नगरपालिका, फतुवा बिजयीपुर नगरपालिकामा करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालय सिमरा बाराका प्रमुख दिनेश पाण्डे बताउनुहुन्छ । बारामा भने जितपुर सिमरा उपमहानगरपालिकाबाट मात्र करदाता सेवा सञ्चालन भइरहेको प्रमुख पाण्डेको भनाइ छ ।

रौतहट र बाराका केही स्थानीय तहबाट करदाता सेवा सञ्चालनका लागि सम्झौता र तालिम दिने काम भइरहेकोले छिट्टै ती पालिकाहरुमा पनि करदाता सेवा सुरु गरिने प्रमुख पाण्डेको भनाइ छ । सिरहा, महोत्तरी र पर्सा जिल्लाको कुनै पनि स्थानीय तहले अहिलेसम्म करदाता सेवा सञ्चालन गर्न सकेको छैन । विगतमा आन्तरिक राजस्व कार्यालयहरुबाट दिँदै आएको व्यक्तिगत तथा व्यवसायी स्थायी लेखा नम्बर जारी गर्ने, प्यान रुपान्तरण गर्ने तथा आयकर दर्तासम्बन्धी काम अब स्थानीय तहबाट हुन थालेको छ । यसका साथै अन्तशुल्कसम्बन्धी इजाजत जारी तथा नवीकरण प्रक्रियाका लागि कागजात संकलन र प्रारम्भिक प्रमाणीकरण पालिकाबाटै गरी अन्तिम स्वीकृति आन्तरिक राजस्व कार्यालयबाट डिजिटल हस्ताक्षरमार्फत हुने व्यवस्था रहेको जनाएको छ ।

स्थानीय तहबाटै करदाता सेवा सञ्चालन भएपछि पालिकाभित्रका करदातालाई सदरमुकामसम्म धाउनुपर्ने बाध्यता हट्नुको साथै करदातालाई समय र खर्चसमेत बचत हुने सप्तरीको तिरहुत गाउँपालिकाका अध्यक्ष विजय यादवको विश्वास छ । करसम्बन्धी सेवालाई स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार र सङ्घीय निकायबीचको समन्वयलाई समेत मजबुत बनाएको सङ्घीयता विज्ञ तथा राष्ट्रियसभाका पूर्वसदस्य डा. खिमलाल देवकोटाको भनाइ छ ।

"स्थानीय तहबाट सेवा प्रवाह हुनुको सबैभन्दा ठूलो लाभ नागरिकलाई नै पुग्नेछ", डा. देवकोटाले भन्नुभयो, "पहिले एउटा प्यान दर्ता वा नवीकरणका लागि दिनभर समय खर्च गरेर जिल्ला सदरमुकाम पुग्नुपर्ने अवस्था थियो, अब त्यही सेवा आफ्नै पालिकाबाट प्राप्त गर्न सकिने भएको छ ।" यसले समय र खर्च दुवै बचत गर्नेछ साथै सेवाप्रति नागरिकको पहुँच बढ्ने र कर प्रणालीप्रति विश्वास पनि बलियो बन्ने अपेक्षा गर्न सकिने उहाँको कथन छ ।

संघीय सरकारको यस व्यवस्थाले कर प्रशासनलाई थप व्यवस्थित र पारदर्शी बनाउन पनि मद्दत गर्नेछ । स्थानीय तह नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने निकाय भएकाले करदाताको विवरण अद्यावधिक राख्न, करसम्बन्धी जनचेतना अभिवृद्धि गर्न तथा नयाँ करदातालाई प्रणालीमा आबद्ध गराउन सहज हुने डा. देवकोटाको विश्वास छ । मधेस प्रदेशका सिरहा, महोत्तरी र पर्सा जिल्लाका स्थानीय तहमा अझै सेवा सुरु हुन सकेको छैन, आवश्यक जनशक्ति, प्राविधिक पूर्वाधार, तालिम र समन्वयको अभावले सेवा विस्तारमा ढिलाइ भइरहेको देखिन्छ । सङ्घीय सरकार, आन्तरिक राजस्व कार्यालय र स्थानीय तहबीच प्रभावकारी सहकार्य हुन सकेमात्र यो अभियान पूर्ण सफल हुन सक्छ उहाँको भनाइ छ ।

डिजिटल प्रणालीको प्रभावकारी प्रयोग अर्को महत्वपूर्ण पक्ष हो । स्थानीय तहबाट कागजात सङ्कलन र प्रारम्भिक प्रमाणीकरण भए पनि अन्तिम स्वीकृति डिजिटल हस्ताक्षरमार्फत आन्तरिक राजस्व कार्यालयबाट हुने व्यवस्था गरिएको छ । यसले सेवा प्रक्रियालाई आधुनिक र पारदर्शी बनाउने भए पनि इन्टरनेट, प्रविधि र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्नुपर्ने आवश्यकता छ । "सङ्घीयताको मूल मर्म भनेकै नागरिकलाई घरदैलोमै सेवा उपलब्ध गराउनु हो", नागरिक समाजका अगुवा राजकुमार साहले भन्नुभयो, "करदाता सेवा स्थानीय तहसम्म विस्तार हुनु यही मर्मको व्यावहारिक अभ्यास हो, मधेस प्रदेशमा सुरु भएको यो पहललाई देशका अन्य प्रदेशमा पनि प्रभावकारी रूपमा विस्तार गर्न सकिए कर प्रशासन थप नागरिकमैत्री बन्नेछ ।" रासस

# यौनजन्य रोग सम्बन्धी सचेतना



**टुडे समाचारदाता**

वीरगञ्ज । बाराको जीतपुर सिमरा उपमहानगरपालिका-२१ अमलेखगञ्जमा प्राथमिक उपचार तथा यौनजन्य रोगसम्बन्धी एकदिने सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजना तथा एन्जल फाउन्डेसनको प्राविधिक सहयोगमा एलिफेन्ट भिलेज रिसोर्टको सभाहलमा दुर्घटना वा आकस्मिक स्वास्थ्य समस्या परेको अवस्थामा प्राथमिक उपचारको सही ज्ञानले जीवन रक्षा गर्न सक्ने सन्देशसहित आयोजित कार्यक्रममा वडा नं. २१ र २२ का स्थानीय बासिन्दाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्राथमिक उपचार प्रशिक्षक पिताम्बर कोइरालाले दुर्घटना, अत्यधिक रक्तश्राव, हड्डी भाँचिने, बेहोस हुने तथा सर्पदंशजस्ता आकस्मिक अवस्थामा स्वास्थ्यकर्मी पुग्नुअघि अपनाउनुपर्ने आधारभूत प्राथमिक उपचार विधिबारे व्यावहारिक प्रशिक्षण दिएका छन् । उनले सही समयमा गरिएको प्राथमिक उपचारले बिरामीको अवस्था थप गम्भीर हुनबाट रोक्न र जीवन जोगाउन महत्वपूर्ण भूमिका खेल्ने बताएका छन् ।

यस्तै, यौनजन्य रोगसम्बन्धी प्रशिक्षक आयुष्मा भट्टराईले यौनजन्य संक्रमणका कारण, लक्षण, रोकथामका उपाय तथा समयमै परीक्षण र उपचारको आवश्यकताबारे जानकारी दिएका छन् ।

उनले यस्ता रोगलाई लुकाएर नराखी स्वास्थ्य संस्थाबाट परामर्श तथा उपचार लिन र सुरक्षित व्यवहार अपनाउन आग्रह गरे ।

अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष विनयकुमार साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिका-२१ का वडाध्यक्ष सुवास श्रेष्ठ प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा वडा सदस्य जमुना गौतम, अमलेखगञ्ज स्वास्थ्य चौकी प्रमुख अप्सरा तिवारी, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय अमलेखगञ्जका सहायक प्रधानाध्यापक रोहितबहादुर घिसिङ तामाङ, एन्जल फाउन्डेसनका प्रतिनिधि तथा स्थानीयवासीको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै वडाध्यक्ष श्रेष्ठले उपचारभन्दा रोगको रोकथाम प्रभावकारी हुने उल्लेख गर्दै स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान हरेक नागरिकका लागि आवश्यक रहेको बताए । सहभागीहरूले प्रशिक्षण दैनिक जीवन र आकस्मिक अवस्थाको सामना गर्न उपयोगी रहेको भन्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राखेका थिए ।

# मनसुन अवधिभर विशेष सावधानी अपनाउन प्राधिकरणको आग्रह




काठमाण्डु । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुन अवधिभर बाढी पहिरो, कटान, डुबान, चट्याङ, सर्पदंश जस्ता जोखिमको सम्भावना उच्च भएकाले विशेष सावधानी अपनाउन आग्रह गरेको छ ।

प्राधिकरणले जनधनको सुरक्षाका लागि पूर्वसावधानी अपनाउन आग्रह गर्दै यात्रा गर्नुअघि मौसम तथा सडकको अवस्थाबारे जानकारी लिन भनेको छ ।

यस्तै, बर्षाको बेला यात्रा गर्दा चनाखो हुन र सावधानी अपनाउन भनिएको छ ।

ठूलो पानी परेको बेला सकेसम्म रातको समयमा यात्रा नगर्न, बाढी आएका बेला खोला, खोल्सा, तथा नदी तर्ने प्रयास नगर्न प्राधिकरणले सूचनामार्फत अनुरोध गरेको छ ।

वर्षा भइरहेको समयमा काठ दाउरा टिप्न, माछा मार्न वा पौडी खेल्न खोला वा नदीमा नजान, पहिरोको जोखिम भएका क्षेत्र आसपास अनावश्यक रुपमा आवतजावत नगर्न प्राधिकरणले ध्यानाकर्षण गराएको छ ।

जोखिमयुक्त पुल तथा खोलाको किनारामा उभिएर फोटा, भिडियो नखिच्न, पैदलयात्रा तथा 'हाइकिङ'मा सकेसम्म एक्लै नजान र विपद्को सङ्केत देखिएमा सुरक्षित स्थानमा जान र स्थानीय प्रशासन र सुरक्षाकर्मीलाई सम्पर्क गर्न भनिएको छ ।

यसैगरी, आफ्नो घरवरिपरि रहेका ढल तथा नाली सफा राख्न, बर्खाको समयमा सर्पले डस्ने जोखिम धेरै हुने भएकाले घरवरपर सफा राख्न, राति बाहिर हिँड्दा टर्च लाइटको प्रयोग गर्नु आवश्यक छ ।

चट्याङ पर्न लागेमा तुरुन्त सुरक्षित स्थानमा जान, महत्वपूर्ण कागजात, अत्यावश्यक औषधि, नबिग्रने खानेकुरा एउटा झोलामा सुरक्षित राख्न, मोबाइलमा पर्याप्त ब्यालेन्स र ब्याट्री चार्ज गरेर राख्न प्राधिकरणले सूचनामार्फत आग्रह गरेको छ ।

अफवाहको पछाडि नलाग्न, आधिकारिक स्रोतबाट प्राप्त सूचनामा मात्र विश्वास गर्न, मौसम र विपद्बारेको आधिकारिक सूचना नियमित सुन्न एवम् हेर्न सचेत गराइएको छ । विपद्सम्बन्धी सूचना एवम् उद्धारका लागि १२३४, १०० र ११११४ र मौसमसम्बन्धी जानकारीका लागि ११५५ मा सम्पर्क गर्न अनुरोध गरेको छ ।

यस वर्षको मनसुन गत असार ५ गतेदेखि सुरु भइसकेको छ । विपद्का कारण ठूलो जनधनको क्षति हुन नदिन र पूर्वसावधानी अपनाउनका लागि प्राधिकरणले अनुरोध गर्दै आएको छ ।

यसैबीच, पछिल्लो २४ घण्टामा देशभर कुल ४७ वटा विपद्का घटना घटेका छन् । प्राधिकरणका अनुसार विपद्का कारण रु १३ लाख १० हजार बराबरको अनुमानित क्षति भएको छ । विपद्मा परेर तीन जनाको ज्यान जाँदा आठ जना घाइते भएका छन् ।

यही साउन ५ गते बिहानदेखि ६ गते बिहानसम्म सर्पदंश, आगलागीका आठ/आठ वटा घटना घटेका छन् । यस्तै, बाढीका दुई, पहिरो १४, अविरल वर्षा आठ, जनावर आक्रमण तीन र हावाहुरीको एक घटना घटेका छन् । रासस


## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. २, लक्ष्मी मिष्टान्न भण्डारको सामुन्नेको Parking गरिराखेको अवस्थाबाट मिति २०८३/०३/२५ गते करिब राति ०९:०० बजे म.प्र. ०२-००७ प ३४४४ नम्बरको ग्रे रंगको ईन्जिन नं. 73N5E0324290 चेचिस नम्बर KV1R68815P0001390 को यामाहा कम्पनीको FZS 150 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः सुशील कुमार साह**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-१**
**मो. नं. ९८०४८०३७३८**

## माईग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८३/०३/१४ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : अमन कुमार यादव**
**सिम्बोल नं.: ९१७२७१२६**
**रजिष्ट्रेशन नं.: ८०२१७०२५००२९**
**ठेगानाःजि.ध. जनकपुरधाम उ.म.न.पा.**
**मो.नं. ९८२०२२५६४०**

## माईग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८३/०३/१४ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : पिंकी कुमारी यादव**
**सिम्बोल नं.: ३१७०१०१५**
**रजिष्ट्रेशन नं.: ७४१७१२३१६**
**ठेगानाःजि.ध. जनकपुरधाम उ.म.न.पा.**
**मो.नं. ९८२०२२५६४०**

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०४/०८ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले लहान शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : लहान पब्लिक बचत तथा ऋण सहकारी संस्था लि. रजिष्टर्ड ठेगाना : लहान-१, सिराहा । हालको ठेगाना लहान नगरपालिका-१, सिराहा (दर्ता नं: १८/०६६/०६७)**

संचालक तथा जमानीकर्ताको विवरण

| | |
|---|---|
| **१) नाम : प्रेमलाल कुमारी चौधरी (अध्यक्ष जमानीकर्ता)**<br>बाबु : मखन लाल चौधरी<br>बाजे : भुटाई चौधरी<br>पति : हरिदेव चौधरी<br>ना प्र नं. : १३१<br>ठेगाना : लहान-१, सिराहा । | **५) नाम : गगनदेव चौधरी (संचालक जमानीकर्ता)**<br>बाबु : बासुदेव चौधरी<br>बाजे : सुन्दर चौधरी<br>ना.प्र.नं : ८८<br>ठेगाना : ब्रम्हान गोछारी-८, सिराहा |
| **२) नाम : असरारुल हक (उपाध्यक्ष जमानीकर्ता)**<br>बाबु : इजहारुल हक कुरैस<br>बाजे : इससाइल हक<br>ना.प्र.नं : १५३००५/१६४<br>ठेगाना : लहान-७, सिराहा | **६) नाम : दनी सहनी (संचालक जमानीकर्ता)**<br>बाबु : बुधन सहनी<br>बाजे : सरुप सहनी<br>ना.प्र.नं : ६०७<br>ठेगाना : गाढा-९ (लहान २३) |
| **३) नाम : उरमिला कुमारी चौधरी (सचिव जमानीकर्ता)**<br>बाबु : चलितर पनौत<br>ससुरा : मुंगालाल चौधरीक<br>पति : राम कुमार चौधरी<br>ना.प्र.नं : ११४८/३९२<br>ठेगाना : पडरिया थारु टोल ७, सिराहा | **७) नाम : इन्द्रजीत चौधरी (संचालक जमानीकर्ता)**<br>बाबु : विरचन्द्र चौधरी थारु<br>बाजे : वौए लाल चौधरी<br>ना.प्र.नं : २७५(१६५६९<br>ठेगाना : सिसवनी-५ (लहान २२) सिराहा |
| **४) नाम : रंजीता कुमारी चौधरी (कोषाध्यक्ष जमानीकर्ता)**<br>बाबु : मटुक लाल चौधरी<br>बाजे : बहुरी चौधरी<br>पति : जय नारायण चौधरी<br>ना.प्र.नं : १५३००५/७९<br>ठेगाना : लहान १, सिराहा | **८) नाम : हरिदेव चौधरी (व्यवस्थापक जमानीकर्ता)**<br>बाबु : मुगालाल चौधरी<br>बाजे : मन्सी लाल चौधरीक<br>ना.प्र.नं : १५२०१२-८५९३<br>ठेगाना : महदेवा पोर्ताहा-७, सिराहा |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री खेदु चौधरी को नाति श्री कारि चौधरी को छोरा सप्तरी जिल्ला दौलतपुर गा.वि.स. वडा नं. ८ बस्ने श्री **मोहितलाल चौधरी** को नाममा भूमि प्रशासन कार्यालय राजविराज सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला मधुपट्टी गा.वि.स. वडा नं. ९(क) को कित्ता नं. ८०२ को क्षेत्रफल क्रमश ०-१-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री पनाई चौधरी को नाति श्री मुनीलाल चौधरी को छोरा सप्तरी जिल्ला दौलतपुर गा.वि.स. वडा नं. ७ बस्ने श्री **अशिष लाल चौधरी** को नाममा भूमि प्रशासन कार्यालय लहान सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला लहानबजार न.पा. वडा नं. १(क) को कित्ता नं. १३९ को क्षेत्रफल ०-०-१३१/२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३. श्री सुकदेव विश्वकर्मा को बुहारी श्री पल्टु विश्वकर्मा को श्रीमती सप्तरी जिल्ला रामपुर जमुवा गा.वि.स. वडा नं. ८ बस्ने **शान्ति देवी विश्वकर्मा** को नाममा भूमि प्रशासन कार्यालय लहान सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला सिंग्राहीमटियर्वा गा.वि.स. वडा नं. ४(क) को कित्ता नं. १८८४ को क्षेत्रफल क्रमश ०-०-५१/४ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web : www.ncbl.coop

# साहुले आफूमाथि अन्याय गर्‍यो : पूर्व एसएसपी साह

**टुडे समाचारदाता**



जनकपुरधाम । पूर्ववरिष्ठ प्रहरीउपरीक्षक(एसएसपी)गोविन्दकुमार साहले आफूले लिएको ऋणको सावाँ-ब्याजसहितको सम्पूर्ण रकम तिर्न तयार रहेपनि ऋण साहुकार जालझेलमा पार्दै जग्गा बेइमानी गरेको आरोप लगाएका छन् ।

जनकपुरधाममा बिहीबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै साहले भने, "मैले ९९ लाख रुपैयाँ ऋण लिएको थिएँ, तिर्छु पनि । तर अन्याय हुनु भएन नि । ९९ लाख ऋण लिएको बेला नै उक्त जग्गाको मूल्य १५ करोड रुपैयाँभन्दा बढी थियो । तर अहिले ती जग्गा बैंकमा धरौटी राखि अहिले फिर्ता गर्न मानिरहेको छैन । साहुले आफ्नो जग्गा रहेको दाबी गर्दै आएको छ । करोडौं मूल्यको जग्गा कसैले ९९ लाख रुपैयाँमा आफू कसरी बिक्री गर्छु ।"

उनका अनुसार २०७९ वैशाख २३ गते ९९ लाख रुपैयाँ ऋण लिँदा घरधनीको महल खाली राखेर ५०/५० लाख रुपैयाँका दुई थान कपाली कागज बनाउन लगाइएको थियो । साथै, सानिमा विकास बैंकका हस्ताक्षर मात्र भएका तीन वटा खाली चेकसमेत लिइएको उनको दाबी छ । साहका अनुसार ऋण लिएको आठ महिनामै सोही जग्गा धितो राखी कृषि कम्पनीको नाममा बैंकबाट चार करोड रुपैयाँ ऋणसमेत निकालिएको थियो ।

पीडित साहले आफूले तिर्नुपर्ने सावाँ-ब्याज बुझाउन पटक-पटक प्रयास गर्दा पनि साहू पक्षले विभिन्न बहाना बनाउँदै आलटाल गरेको आरोप लगाए । उनले भने, "मैले ऋण लिएको विषय साहूका गाउँका मानिस, स्थानीय व्यवसायी तथा जनप्रतिनिधिसमेतलाई थाहा छ । ऋण लिएको हुँ, तिर्छु, तर अन्याय हुनु भएन ।"

जनकपुरधाम उपमहानगरपालिका-१६ निवासीगोपाल साह, उनका भतिजा हेराम साह, भाउजू रेखाकुमारी साह तथा दाइ बलराम साहले योजनाबद्ध रूपमा ठगी गरेको आरोप लगाउँदै साहले उनीहरूविरुद्ध कानुनी लडाइँ जारी रहेको बताए । अदालतमा मुद्दा विचाराधीन रहेकाले सबै प्रमाण सार्वजनिक गर्न नमिल्ने उनको भनाइ थियो।

उनले उच्च अदालत जनकपुरधामले बन्दी प्रत्यक्षीकरणको रिट खारेज गरी प्रहरी अनुसन्धानलाई सहज बनाउन म्याद थप हुनुपर्ने माग गर्दै उच्च अदालत जनकपुरधाम अगाडि विरोध प्रदर्शन समेत गरेका छन् ।

अनुचित लेनदेनसम्बन्धी मुद्दामा बलराम साह फरार रहेका छन् । पक्राउ परेका गोपाल साह, हेराम साह र रेखाकुमारी साहलाई धनुषा जिल्ला अदालतले अनुसन्धानका लागि सात दिन हिरासतमा राख्न अनुमति दिएको थियो । प्रहरीले हेराम साहको कार्यालयबाट दर्जनौं कृषि कम्पनीका कागजात, लालपुर्जा, नक्सा तथा स्टाम्प बरामद गरेको थियो।

उनीहरू पक्राउ परेदेखि मिटरब्याज पीडित संघर्ष समितिले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा धनुषा जिल्ला अदालत अगाडि निरन्तर प्रदर्शन गर्दै आएको छ । गोपाल साहविरुद्ध अन्य मिटरब्याज पीडितहरूले समेत जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दर्ता रहेको छ ।

# सिरहामा गोली प्रहार ६ जना लागू औषध कारोबारी पक्राउ

**टुडे समाचारदाता**



लहान । लागूऔषध नियन्त्रण ब्यूरोको टोलीले सिरहाको लहानबाट गोली प्रहार गरी ५ जना भारतीय सहित ६ जनालाई नियन्त्रणमा लिएको छ ।

बिहीबार दिउंसो लहान नगरपालिका वडा नम्बर ३ स्थित हस्पिटल चोकमा ब्यूरोको टोलीले उनीहरूलाई नियन्त्रणमा दिने क्रममा गोली चलाएको हो । प्रहरीको गोली लागेर दुई जना घाइते भएका छन् ।

घाइते हुनेमा एक नेपाली र एक भारतीय नागरिक रहेका छन् । उनीहरूलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको छ । उनीहरुको साथबाट प्रहरीले २२५ ग्राम खैरो हिरोइन समेत बरामद गरेको छ ।

लागूऔषध नियन्त्रण ब्यूरो काठमाण्डूबाट खटिएको विशेष टोलीले लागूऔषध कारोबारीहरूलाई पक्राउ गर्ने क्रममा प्रतिरोध भएपछि गोली चलाउनुपरेको बताइएको छ । घटनाबारे थप विवरण आउन बाँकी छ।

लागूऔषध नियन्त्रण ब्यूरोका एक अधिकारीका अनुसार, घाइतेहरूको पहिचान खुलाउने र घटनाको विस्तृत अनुसन्धान गर्ने कार्य भइरहेको छ।

यसैबीच नेपालमा पछिल्लो एक वर्षको अवधिमा सुरक्षा निकायले गरेको कडा निगरानी र विशेष अपरेसनका क्रममा करिब ८५ करोड ७७ लाख ५४ हजार रुपैयाँ मूल्य बराबरको ठूलो परिमाणमा लागुऔषध बरामद भएको प्रहरीले जनाएको छ।

लागुऔषध नियन्त्रण ब्युरोको तथ्यांक अनुसार आर्थिक वर्ष २०८२/८३ मा मात्रै २३ केजी १४१ ग्राम खैरो हेरोइन, १३ केजी ३४७ ग्राम कोकिन, ७ केजी ८ सय ग्राम सेतो हेरोइन, ४३ केजी अफिम र २०४ केजी गाँजा नियन्त्रणमा लिइएको छ।

नेपाललाई ट्रान्जिट बनाएर तथा सीमा क्षेत्रबाट भित्रिने अवैध लागुऔषधको जालो तोड्ने क्रममा यस अवधिमा ५ लाख ४१ हजार क्याप्सुल ट्रामाडोल, ३४ हजार नाइट्राभेट ट्याब्लेट र ५५० ग्राम एम्फेटामाईन समेत बरामद गरिएको छ।

ब्युरोका सहप्रवक्ता (डीएसपी) जीवन निरौलाका अनुसार बढ्दो लागुऔषध कारोबारमा संलग्न रहेको आरोपमा गत वर्ष १ हजार ७६८ जना पक्राउ परेका छन्, जुन अघिल्लो वर्षको तुलनामा ५.५५ प्रतिशतले बढी हो। पक्राउ परेकाहरूविरुद्ध सरकारी वकिल कार्यालयमार्फत अदालतमा ९९३ थान मुद्दा दायर गरिएको छ भने अदालतमा पेस गरिएका १ हजार ३१५ जना आरोपीमध्ये १ हजार ११३ जनालाई पुर्पक्षका लागि थुनामा पठाइएको छ । साथै, विभिन्न घटनामा कारागार तथा हिरासतबाट भागेका पुरान्या ५१ जना कारोबारीलाई समेत प्रहरीले पुनः पक्राउ गरी कानुनी दायरामा ल्याएको छ।

अनुसन्धान अधिकारीहरूका अनुसार लागुऔषधको यो बढ्दो सञ्जालले जनस्वास्थ्यमा भयावह र गम्भीर असर पारिरहेको छ । प्राविधिक विश्लेषण अनुसार एक ग्राम खैरो हेरोइनले १० जना व्यक्तिको स्वास्थ्यमा गम्भीर असर पार्ने हुनाले, ब्युरोले बरामद गरेको २३ केजीभन्दा बढी खैरो हेरोइन बजारमा पुगेको भए यसले दुई लाख ३० हजारभन्दा बढी नागरिकको जीवन बर्बाद पार्ने उच्च जोखिम रहेको थियो ।

# ग्यास लिक भएर ३ घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-६, ढल्केबरमा रहेको एक उद्योगमा ग्यास लिक भएर भएको आगलागीमा परी ३ जना घाइते भएको छ ।

प्राप्त जानकारी अनुसार ग्रिन बायो फ्यूल उद्योगमा ग्यास लिक भएर आगलागी हुँदा तीन जना कामदार घाइते भएको हो । बिहीबार उद्योगभित्र कामदारले कोठामा खाना पकाउने क्रममा ग्यास लिक भएर आगलागी भएको थियो ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीले बिहीबार बिहान उद्योगभित्रको कोठामा कामदारले खाना पकाउने क्रममा ग्यास लिक भइ अचानक आगलागी भएको बताएका छन् ।

उनका अनुसार आगलागीबाट बाराको प्रसौनी गाउँपालिका-४, खुट्वा प्रसौनीका २३ वर्षीय सोमराती अन्सारी, २२ वर्षीय अब्दुल अन्सार र २५ वर्षीय धर्मराज महतोको शरीरको विभिन्न भाग जलेर घाइते भएको छ ।

घाइते तीनै जनालाई प्रादेशिक अस्पताल जनकपुरमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि बर्न अस्पताल किर्तिपुर पठाइएको प्रहरी निरीक्षक केसीले जानकारी दिएका छन् ।

# अपराध नियन्त्रणमा पर्सा प्रहरी सक्रिय, लागू औषधमा १६३ पक्राउ

**टुडे समाचारदाता**



वीरगञ्ज । जिल्ला प्रहरी कार्यालय पर्साले आर्थिक वर्ष २०८२/०८३ मा सार्वजनिक गरेको वार्षिक कार्यसम्पादन प्रतिवेदनले अपराध नियन्त्रण, राजस्व चुहावट रोकथाम, लागुऔषध नियन्त्रण तथा समुदाय-प्रहरी साझेदारीका क्षेत्रमा राम्रो सक्रियता देखाएको छ ।

तर, बैंकिङ कसुर र आर्थिक अपराधको बढ्दो प्रवृत्तिले प्रहरी प्रशासनका लागि आगामी दिनमा नयाँ चुनौती थपिएको प्रतिवेदनले स्पष्ट संकेत गरेको छ । प्रतिवेदनअनुसार गत आर्थिक वर्षमा पर्सामा कुल १ हजार ८ सय १३ वटा मुद्दा दर्ता भएका छन् ।

तीमध्ये सबैभन्दा धेरै ५ सय १ वटा बैंकिङ कसुर सम्बन्धी मुद्दा रहेका छन् । बैंकिङ कसुरका मुद्दा अन्य सबै अपराधभन्दा बढी हुनु आर्थिक कारोबारमा देखिएको अनियमितता, चेक बाउन्स तथा वित्तीय अनुशासनको कमजोरीतर्फ संकेत गर्ने विषय भएको सुरक्षा विश्लेषकहरू बताउँछन् । अभद्र व्यवहार, ठगी, साइबर अपराध र लागुऔषधका घटनासमेत उल्लेख्य देखिएकाले आर्थिक तथा सामाजिक अपराधको स्वरूप परिवर्तन हुँदै गएको प्रतिवेदनले देखाएको छ ।

अर्कोतर्फ, राजस्व चुहावट नियन्त्रणमा पर्सा प्रहरीले उल्लेखनीय सफलता हासिल गरेको छ। भन्सार छली, अवैध हुण्डी कारोबार, काठ तस्करी तथा नदीजन्य पदार्थको अवैध उत्खननविरुद्ध सञ्चालन गरिएको अभियानबाट ६२ करोड ९६ लाख रुपैयाँभन्दा बढी राजस्वमा योगदान पुगेको छ ।

सीमा क्षेत्र रहेको पर्सामा हुने तस्करी नियन्त्रणका लागि प्रहरीको सक्रियताले राज्यको राजस्व संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। हुण्डी कारोबारमा करोडौं रुपैयाँ बराबरको बिगो मागदाबी र दर्जनौं व्यक्तिमाथि कारबाही हुनु आर्थिक अपराधविरुद्धको प्रहरीको कडाइको संकेत हो ।

लागुऔषध नियन्त्रणमा पनि प्रहरीको सक्रियता उल्लेखनीय देखिएको छ । ठूलो परिमाणमा गाँजा, ब्राउन सुगर र चरेस बरामद हुनुका साथै १६३ जनालाई पक्राउ गरिएको छ । खुला सीमाका कारण लागुऔषध ओसारपसार हुने जोखिम उच्च रहेकाले यस क्षेत्रमा अझ प्रभावकारी निगरानी आवश्यक देखिन्छ।

> बैंकिङ कसुर र आर्थिक अपराधको बढ्दो प्रवृत्तिले प्रहरी प्रशासनका लागि आगामी दिनमा नयाँ चुनौती थपिएको प्रतिवेदनले स्पष्ट संकेत गरेको छ । प्रतिवेदनअनुसार गत आर्थिक वर्षमा पर्सामा कुल १ हजार ८ सय १३ वटा मुद्दा दर्ता भएका छन् ।

फरार प्रतिवादी पक्राउ अभियान पनि प्रभावकारी बनेको प्रतिवेदनले देखाएको छ। एक वर्षमै १ हजार ६० फरार प्रतिवादी पक्राउ गरी करोडौं रुपैयाँ जरिवाना असुल तथा लामो अवधिको कैद सजाय कार्यान्वयन गरिएको छ। यसले कानुनी शासन कार्यान्वयनमा प्रहरीको सक्रियता बढेको संकेत गर्छ।

सामुदायिक प्रहरी कार्यक्रम पनि उपलब्धिमूलक देखिएको छ। महिला हिंसा, बालविवाह, साइबर अपराध, लागुऔषध तथा विपद् व्यवस्थापनका विषयमा २ हजार १ सय ९७ वटा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी ५८ हजारभन्दा बढी नागरिकलाई प्रत्यक्ष सहभागी गराइएको छ । यसले अपराध नियन्त्रणमा समुदायको सहभागिता बढाउने प्रयासलाई बल दिएको छ ।

यद्यपि प्रतिवेदनले केही गम्भीर सामाजिक चुनौती पनि उजागर गरेको छ। एक वर्षमै १२६ जनाले आत्महत्या गरेको तथ्यांक चिन्ताजनक छ। साथै बैंकिङ कसुर, ठगी र साइबर अपराधजस्ता आर्थिक अपराध बढ्दै जानुले प्रहरीसँगै बैंकिङ क्षेत्र, नियामक निकाय र सर्वसाधारणबीच वित्तीय सचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिएको छ।

समग्रमा हेर्दा पर्सा प्रहरीले आर्थिक वर्ष २०८२/०८३ मा शान्ति सुरक्षा कायम राख्ने, तस्करी नियन्त्रण गर्ने, राजस्व संरक्षण गर्ने तथा अपराध नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गरेको देखिन्छ । तर बदलिँदो अपराधको स्वरूप, विशेषगरी बैंकिङ कसुर, साइबर अपराध र आर्थिक अपराधलाई नियन्त्रण गर्न परम्परागत प्रहरी कारबाही मात्र पर्याप्त नहुने भएकाले प्रविधिमैत्री अनुसन्धान, अन्तरनिकाय समन्वय र जनचेतनामा थप जोड दिनुपर्ने आवश्यकता प्रतिवेदनले औंल्याएको छ।

# मिटरब्याजी नीतिविरुद्ध ज्ञापनपत्र बुझाइयो

**टुडे समाचारदाता**



वीरगञ्ज । 'मिटरब्याजी' सम्बन्धी सरकारी नीतिप्रति असन्तुष्टि जनाउँदै पीडित लगानीकर्ता लेनदेन संघर्ष समिति पर्साले बिहीबार प्रधानमन्त्री तथा सम्बन्धित निकायलाई ज्ञापनपत्र बुझाएको छ ।


समितिका अध्यक्ष सुनिल पाण्डेको नेतृत्वमा गएको टोलीले पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय तथा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई ज्ञापनपत्र बुझाएका हुन् ।

ज्ञापनपत्रमा सरकार र किसान-मजदुर आन्दोलनका प्रतिनिधिबीच भएको सहमति अनुसार लेनदेनसम्बन्धी सबै लिखतलाई अवैध घोषणा गर्ने निर्णयप्रति आपत्ति जनाइएको छ । आर्थिक संकटका बेला आवश्यक परेका व्यक्तिलाई सहयोगस्वरूप रकम उपलब्ध गराइएको र प्रचलित कानुनअनुसार कागजात तयार गरी गरिएको लेनदेनलाई अवैध ठहर गर्नु न्यायोचित नभएको समितिको दाबी रहेको छ ।

समितिले नेपाली शब्दकोशमै 'मिटरब्याज' शब्द नरहेको दाबी गर्दै कानुनसम्मत रूपमा लगानी गर्ने व्यक्तिलाई समेत 'मिटरब्याजी'को संज्ञा दिँदा सामाजिक प्रतिष्ठामा असर परेको जनाएको छ। प्रमाणबिना लगानीकर्तालाई दोषी ठहर गर्ने प्रयास भएको आरोप लगाउँदै समितिले कानुनी प्रक्रियाबाट भएका लेनदेनको संरक्षण गर्न माग गरेको छ ।

सरकारले ऋणी र लगानीकर्ता दुवै पक्षलाई समेटेर समस्याको न्यायोचित समाधान खोज्नुपर्ने, कानुनसम्मत लेनदेनको संरक्षण गर्नुपर्ने र 'मिटरब्याजी' शब्दको प्रयोग बन्द गर्नुपर्ने माग समितिले राखेको छ । माग सम्बोधन नभए चरणबद्ध तथा शान्तिपूर्ण आन्दोलनका कार्यक्रम सञ्चालन गर्न बाध्य हुने चेतावनीसमेत समितिले दिएको छ।

ज्ञापनपत्र बुझाउने क्रममा समितिका उपाध्यक्ष राजेश पटेल, सचिव सन्तोष कुमार, सहसचिव कबिराज पटेल, कोषाध्यक्ष राजकुमार साह, सहकोषाध्यक्ष म्यानेजर कुमार चौरसियालगायत पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।







## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबैजाति, धर्म, भाषा, संस्कृतिकरपरम्पराकोसम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिकविभेद, घृणारभेदभावअन्त्यगर्नयोगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निमार्णमा योगदान दिऔं ।

सामाजिक तथा सांस्कृतिक सद्भाव,
समुन्नत समाजको अधार

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८